

# आफ्नै कुरा

नमस्ते साथीहरू, आरामै हुनुहुन्छ ? म त आरामै छु । ए... म को भन्नुभएको ? मेरो नाम परी हो । हुन त मेरो साँचो नाम पार्वती हो, तर आजकल सबैले माया गरेर परी भन्नुहुन्छ । पूरा नामचाहिँ पार्वती चौधरी हो ।

म एक घरेलु बालश्रमिक हुँ । बालबालिका भएर अरूको घरमा गई उनीहरूका काम गर्ने भएकोले हामीलाई घरेलु बालश्रमिक भनिएको हो । हामी अरूको घरमा गएर लुगा धुन्छौं, भाँडा माझ्छौं, सरसफाई आदि काम गर्छौं ।

म रौतहटबाट आएकी हुँ । पहिलो पटक यहाँ आउँदा म त डराएकी थिएँ । के हुने हो ? मालिक कस्ता हुने हुन् ? भनेर डर लाग्थ्यो । पहिले त कस्तो गाली खान्थें, कुटाइ पनि खान्थें । तर बिस्तारै- बिस्तारै मैले अनौपचारिक शिक्षा लिँदै विद्यालयमा पढ्ने मौका पाएँ । पछि त गाली र कुटाइ ममाथि कम हुँदै गयो । पछि थाहा पाएँ, हामी जस्ता घरेलु बालश्रमिकहरूको लागि काम गर्ने संस्थाहरू पनि हुँदा रहेछन् । उहाँहरूले नै हामीलाई त्यहाँ लगाइदिनुभएको थियो । मैले पढें र घरमा काम गर्ने साथीहरूको क्लबमा भाग लिएँ र सयपत्री बालक्लबको अध्यक्ष पनि भएँ । अहिले म विभिन्न तालिमहरू दिने सक्ने भएकी छु । घरेलु बालश्रमिकहरूको क्लबको सञ्जाल राष्ट्रिय घरेलु बालश्रमिक मञ्चको अध्यक्ष पनि चुनिएकी छु ।

अब भने विषयमा जाउँ । आज म मैले पाँच वर्षमा बालक्लबमा गरेका कामहरू, समस्याहरूबारे भन्न लागिरहेकी छु । त्यसअघि तपाईंले बालअधिकार, बाल सहभागिता, घरेलु बालश्रम, बालक्लबजस्ता विषयमा थाहा पाउनु जरूरी छ ।

यो समयमा म धेरै बालक्लबमा गएँ, धेरै साथीहरू भेटेँ र तिनै साथीहरूबारे यस पुस्तकमा लेखेकी छु ।

यस पुस्तकमा म **अनि हामीले थाहा पायौँ** भन्ने कथा सुनाउने छु। कसरी हामी घरेलु बालश्रमिकहरू विभिन्न दुर्घटनाबाट बच्न सक्छौँ ? भनेर समावेश गरेकी छु । त्यसपछि साथी उर्मिलाको बारेमा **उर्मिलाले नयाँ जीवन पाइन्** भनेर पनि लेखेकी छु । हामी घरेलु बालश्रमिकहरू विद्यालय जानुपर्ने कुरामा बालक्लबले गरेको कामको सम्बन्धमा **विद्यालय जान्छु** र मलाई अर्को बालक्लबको भाइ जगदीशले पठाएको पत्र **सफलताको पत्र** पनि राखेकी छु । आशा छ, तपाईंलाई मन पर्नेछ ।

लौ त, साथीहरू मैले सुरू गरेँ ।

# के हो ? बाल श्रम शोषण

सानो मान्छे, गारो काम
धेरै छ पीडा, थोरै छ दाम
न स्वच्छ छ काम, न शिक्षाको घाम
न कहिले फुर्सद, न कहिले आराम



# घरेलु बालश्रमिकबारे केही जानकारी

कुनै पनि बालबालिकालाई बाल अधिकार हनन् हुने गरी राज्यले तोकेको श्रमको मापदण्ड विपरीत तलब/ज्याला दिएर वा नदिएर श्रम लगाउनु बालश्रम हो ।

नेपालको जनगणना २०६८ अनुसार नेपालमा ४४.४ प्रतिशत बालबालिका रहेका छन् ।

५–१७ वर्ष उमेर समूहका बालबालिकाको संख्यामध्ये ४०.४ प्रतिशत रोजगारमा संलग्न देखिन्छन् जसमध्ये ५१ प्रतिशत बालश्रम भित्र पर्दछन् ।

६ लाख २० हजार बालबालिका जोखिमपूर्ण श्रममा संलग्न रहेका छन् ।

काठमाडौं उपत्यकाका हरेक १९ घर मध्ये १ घरमा घरेलु बालश्रमिक रहेको पाइन्छ ।

नेपालका ८५% बालबालिका विद्यालय भर्ना भएको पाइन्छ ।

श्रमिक बालबालिकाहरूमध्ये ठूलो संख्या परिवार भन्दा टाढा भएका बालबालिका रहेका छन् ।

१४ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा लगाउन वा उनीहरूलाई कानुन अनुसार बालश्रमको प्रयोग गर्न पाइन्न ।

निकृष्ट प्रकारको श्रममा कुनै पनि बालबालिकालाई प्रयोग गर्न पाइँदैन ।

बालबालिका भन्नाले १८ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई बुझिन्छ ।



## तपाईंको बारेमा पनि बताउनुहोस्ः

- तपाईं कुन बालक्लबमा के पदमा हुनुहुन्छ ?
- के तपाईंको बालक्लब पनि कुनै सञ्जालमा छ, यदि छ भने त्यो सञ्जालको नाम के हो ?
- तपाईंको विचारमा बाल अधिकार भनेको के हो ?
- तपाईंको विचारमा बालक्लब भनेको के हो र यसले के गर्दछ ?
- यो पुस्तक के सम्बन्धी होला, अनुमान गर्नुहोस् ?

# अनि हामीले थाहा पायौँ



हामी घरेलु कामदारहरूलाई पर्ने समस्याहरू केलाउँदा के हामी नेपालको राजधानी काठमाडौँमै छौँ त ? के हाम्रा मालिक देशकै विकसित सहर काठमाडौँका बासिन्दा त हुन् ? भन्ने लाग्छ। तर लागेर पनि के गर्नु ? काम त गर्नु नै छ, नत्र कसरी पढ्ने ? कसरी घरखर्च जुटाउने ? के गरेर भाइबहिनीहरूलाई पढाउने ? यस्ता समस्याहरू बारम्बार आइरहन्छ । यही प्रश्नमा हामी घोत्लिरहन्छौँ ।

एकपटक हाम्रो बालक्लबमा ठूलै समस्या आइपर्‍यो । २०७० साल बैशाखमा हामी नव वर्षसम्बन्धी साँस्कृतिक कार्यक्रमका साथै घरेलु बालश्रमिकहरूले पनि मालिकका छोराछोरीसरह माया पाउनुपर्छ भन्ने जनचेतना अभियानमा लागेका थियौँ। हामी त्यस कार्यक्रमको समीक्षा गर्न सहभागी भएका थियौँ। बालक्लबका हामी सबैजसो आएका थियौँ। तर त्यो दिन हाम्रै बालक्लबको एकजना साथी रवि महर्जन भने आएन। ऊ त हाम्रो बालक्लब सयपत्री बालक्लबको कोषाध्यक्ष थियो । तर ऊ नै नआएपछि त...? हामी आत्तियौँ पनि। ऊ नआएपछि हामीले कोषको हिसाब तथा कार्यक्रमको खर्च बारेको हिसाबसम्बन्धी विषयमा छलफल गर्ने काम केही पछिलाई छोड्यौँ । रविको घर हाम्रो बालक्लबबाट नजिकै भएकोले ऊ नआउनुको कारण जान्नको लागि हामीले निर्मललाई उसको

घरमा बुझ्न पठायौँ । केही समयपछि निर्मल हस्याङ्फस्याङ् गर्दै आइपुग्यो । उसले रविलाई करेन्ट लागेर अस्पताल लगिएको कुरा सुनाउँदा त हामी स्तब्ध भयौँ ।  त्यसबारे बुझ्न केही साथीहरू त्यतातिर लागे र हामीचाहिँ बालक्लबको कार्यक्रम सिध्याउन लाग्यौँ ।

नाङ्गो तारमा समाएको कारण रविलाई करेन्ट लागेको रहेछ । उसलाई नाङ्गो तार चलाउनु हुन्न भनेर कसैले पनि भनेको रहेनछ । उसले पनि मुसाले तार काटिदिएछ भनेर स्वीच बन्द नै नगरी तारमा टेप लगाउन लाग्दा करेन्टले भेटेको रहेछ । धन्न, उसका साहुले थाहा पाएर हत्तपत्त मेन स्वीच बन्द गरी रविलाई त्यो तारबाट छुटाउनु भएछ ।

केही हप्तापछि ऊ घरमा आयो । उसको एउटा हात राम्रोसँग चलेको पनि थिएन र ऊ धेरै निराश पनि थियो। सायद त्यही भएर ऊ हाम्रो बालक्लबमा पनि आएको थिएन ।

घरेलु बालश्रमिकलाई घरेलु कामबारे केही ज्ञान दिनुपर्छ भन्दै निर्मला रिसाइन् । त्यो कुरामा निलिमा पनि उनी सँगसँगै लागिन् । किशोरले पनि फेरि लुगामा आइरन लगाउँदा लुगा प्वाल परेको र हात पनि पोलेको कुरा सुनायो । त्यो त्यही घटना थियो, जसमा हामीले उहाँको मालिकसँग कुरा गरेका थियौँ । पहिले त उहाँहरूले हाम्रो कुरा मान्न त के सुन्न पनि तयार हुनुभएन । तर हामीले हाम्रो बालक्लबका केही दाजुदिदी, अभिभावक, शिक्षक, शिक्षिकाहरूलाई पनि हामीसँगै लगेर उहाँहरूलाई सम्झाएपछि मात्र उहाँहरूले मान्नुभयो ।

एक दिन त रविलाई घर मालिकले तँ डुँडे हुने भइस्, अब काम लाग्दैनस्, अब तेरो काम छैन भनेर निकाल्न पो लाग्नु भएछ। बालक्लबको बैठकमा केही साथीहरूले रविकै गल्ती देखे । तर घरमा काम गर्नु, त्यसमा कुनै काम नसकाएको वा काम गर्न बाँकी भएमा खाइने मारका बारेमा हामी सबै अवगत नै थियौँ । त्यसो भए के गर्ने त ? हाम्रा लागि यो ठूलो समस्या देखियो। त्यही भएर हामीले यसबारे केही गर्नुपर्ने र यो रविको मात्र गल्ती नभएको ठहर गऱ्यौँ । त्यसपछि हामीले उसलाई यसरी निकाल्न नपाउने र निकाल्ने नै भए पनि उपचारको सबै व्यवस्था गरिदिएपछि मात्र परिवारको जिम्मा लगाउनुपर्ने कुरामा निर्णय गऱ्यौँ। त्यही बेला लाक्पाले क्लबमा दाजु, दिदीहरूको युवा समूह र सर र मिसहरूलाई पनि सँगै लैजानुपर्ने, नत्र किशोरको घरमा गएजस्तै लुत्रुक परेर फर्कनु पर्ने कुरा राखिन्। हामीले त्यसै गऱ्यौँ ।

पहिले त उहाँहरूले मान्नु नै भएन । उल्टै हामी र हामीसँग जानु भएका दाजु, दिदीहरूलाई राम्रो व्यवहार गर्नु भएन । तर पछि हाम्रै टोलकी सुकिर्ती दिदीले कडा स्वरमा भन्नुभयो- "हेर्नुस्, एउटा सानो बच्चालाई घरमा काम गर्न राखेर पेसा र पैसा दिएर केही महान् काम गरे जस्तो नठान्नुहोस् । कति धेरै काम गरिरहेका हुन्छन् उनीहरूले । कि हामीसँग समझदारी गर्नुस्, होइन भने पुलिसथाना जाऔं ?" त्यसपछि उहाँहरू हच्किनुभयो र हाम्रो कुरा मान्न तयार हुनुभयो । आजकल पनि रवि त्यही घरमै काम गर्छ ।

धन्न, हामीले हाम्रो काम गर्ने घरमा र क्लबमा राम्ररी समय मिलायौँ र राम्रा-राम्रा काम गरेर उहाँहरूको सल्लाह लिने गर्‍यौँ । नत्र हामीलाई समस्या र अप्ठ्याराहरू आउँथे होलान् । हामीले राम्ररी काम गर्दै जाने हो भने हामीलाई माया गर्ने दाजु, दिदी, अभिभावकहरूको साथ हामीले सदैव पाउँदा रहेछौँ । अनि समस्या आउँदा तर्सने र हड्बडाउने गर्नु हुन्न रहेछ ।



## विचार गरौँ त ?

- रविलाई के भएको रहेछ ? यस्ता खालका समस्याहरू तपाईंको बालक्लबको सदस्यहरूलाई पनि परेको छ कि ?
- यदि तपाईंको बालक्लबको साथीलाई पनि त्यस्तै घटना घटे तपाईंको बालक्लबले के गर्नसक्ला ?
- बालक्लबले सबै बालबालिकालाई यस्ता समस्याहरूबाट बचाउनका लागि के-के कार्यक्रमहरू गर्न सक्छन् ?
- यीमध्ये तपाईंको बालक्लबले अब के-के कार्यक्रमहरू कहिले कहिले गर्दछ त ?



# यसो गरे कसो होला ?

- हाम्रो बालक्लबको नियमित बैठक महिनामा १ पटक अनिवार्य बस्ने ।
- घरेलु बालश्रमिक बालबालिकाहरूलाई काम गर्दाको समयमा आइपर्ने समस्याको बारेमा छलफल तथा त्यसको निराकरणको उपायको खोजीका लागि छलफल गर्ने ।
- घरेलु बालश्रमिकको स्वास्थ्यमा पर्ने असरबारे जनचेतनामूलक कार्यक्रम गर्ने ।
- विभिन्न दिवस, अवसर, कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने, स्वयंसेवीको रूपमा काम गर्ने ।
- स्थानीय ठाउँको स्वास्थ्य स्थिति, स्वास्थ्य चौकीबारे जानकारी राख्ने ।
- घरमा काम गर्दा सावधानी अपनाउने तथा अपनाउन सल्लाह दिने ।
- विभिन्न किसिमका जोखिमपूर्ण श्रममा रहेका साथीहरूका लागि जनचेतनाका कार्यक्रम गर्ने । वकालतका कार्यक्रम गर्नका लागि दाजुदिदीको सहयोग लिने ।
- बालक्लबमा प्राथमिक उपचारको तालिम आयोजना गर्ने तथा कम्तिमा पनि बालक्लबमा एउटा प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने ।
- घरमा काम गर्दा सरसफाइमा ध्यान दिने ।
- बालक्लबमा नै सरसफाइ जाँच समूह बनाएर बालक्लबमा साथीहरूको सरसफाइमा विशेष ध्यान दिने ।
- व्यक्तिगत सरसफाइमा सरसफाइ समूहले बेलाबेलामा बालक्लबकै साथीहरूबीच कार्यक्रम गर्ने ।

- बालक्लबको वार्षिक योजना निमार्ण गर्ने र सोही अनुसार आफ्ना गतिविधि सञ्चालन गर्ने ।
- बाल संरक्षण तथा बाल यौन दुर्व्यवहारका विषयमा सचेत गराउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- अभिभावक, शिक्षक, घर मालिकसँग दाजुदिदीको सल्लाह र सहयोगमा निरन्तर भेटघाट कार्यक्रम गर्ने ।
- सम्भव भए प्रारम्भिक बाल विकासका कार्यक्रमबारे पनि जानकारी लिए राम्रो हुन्छ ।
- क्लब, घरको सरसफाइमा विशेष ध्यान दिने ।
- स्वास्थ्य केन्द्र, गाविस आदिको सहयोगमा घरेलु बालश्रमिकका लागि स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने ।
- उमेर पुगेका, किशोर किशोरीहरूका लागि यौन तथा प्रजनन स्वास्थ्य, यौन रोग, एच.आई.भी र एड्स, लागूपदार्थ, धुम्रपान र मद्यपान बारेको जानकारी दिने तथा छलफल कार्यक्रम गर्ने । साथै यस विषयमा जनचेतना जगाउने काममा उनीहरूलाई नै सक्रिय रूपमा सहभागी गराउने ।
- दाजु, दिदीको साथ र सहयोगमा किशोर किशोरीका शारीरिक परिवर्तनका विषयमा छलफल गर्ने ।
- घरेलु बालश्रमिकको स्वास्थ्यमा पर्ने असर आदिको बारेमा सन्दर्भ सामग्री आदिको खोजी, सङ्कलन तथा अध्ययन गर्ने ।
- आफ्ना अधिकार तथा कर्तव्यका बारेमा सचेत रहने र सोही अनुरूपको व्यवहार गर्ने ।

# विद्यालय जान्छु



अनु, मितेरी घरेलु बालश्रमिक मञ्चकी सचिव । उनको बोलाइ, बालअधिकारका बारेको ज्ञान, तालिम दिने तरिका धेरै नै राम्रो छ। अझ क्लबमा केही काम गर्नुपर्दा सबैलाई सहयोग गर्नुमा अनु सबैभन्दा अघि छिन् । साँच्चै उनी क्लबमा हुनु भनेको सुनमा सुगन्ध हो भनेर सबैले भन्ने गर्थे। उनको नेतृत्व क्षमता, बोलाइ, बानीले क्लबका साथीहरू, त्यस क्लबलाई सहयोग गर्ने संस्थाका दाजुदिदीहरू पनि ज्यादै नै खुसी हुनुहुन्थ्यो ।

एकपटक बालक्लबमा हामीलाई सहयोग गर्ने दाजुदिदीले शिक्षासम्बन्धी कार्यक्रम ल्याउनु भयो । दाजुदिदीहरूले शिक्षाको महत्वको बारेमा बताउनुभयो । यस कार्यक्रममा ६ जना बालबालिकालाई स्कूलमा भर्ना गरिदिएर ७ कक्षासम्म सित्तैमा पढ्न दिने र त्यसपछि राम्रो अङ्क ल्याएर पास हुँदै गएमा थप छात्रवृत्ति पनि दिइने व्यवस्था रहेछ । यस कार्यक्रममा सहभागी हुनेले दुई हप्तापछि नाम दिनु भनियो । सबैले अरूले नपाए पनि अनुले त पाउँछिन् भन्ने बुझेका थिए । त्यसैले प्रसन्नले 'अनु खड्गीको नाम आँखा चिम्लेर लेख्नु' भन्दा सबैले ताली बजाएका थिए । तर पनि बालक्लबमा छलफल नगरी लेख्न नमिल्ने हुँदा लेखिएन । अनुले रिसाउँदै प्रसन्नलाई किन उसको नाम भनेको भनिन् । उसले भनिन् "मलाई पढेर के काम छ र ?

हेर साथी हो, तिमीहरूले पढे पनि नपढे पनि मेरो विचारमा मेरा लागि भने पढाइको कुनै पनि महत्व नै छैन ।" उसले त्यसो भनेपछि आकाशले "तर पढ्नु त पर्छ नि, बरू तिम्रो साहुजीलाई हामी भनी दिउँला नि" भन्दा सबैले स्वीकृति दिए । तर अनुले, "मैले त्यसो भन्न खोजेकी होइन । अब मैले कामबाट राम्रै पैसा पाइरहेकी छु र बालक्लबमा लागेर अन्य ज्ञान पनि पाइरहेको छु । फेरि म तालिम दिन पनि सक्छु । त्यसो भएपछि किन पढ्नु पर्छ त मलाई ?" भन्दा उनको कुरालाई बीचमै काट्दै निस्माले भनिन्, "तर तिमीले पढ्यौ भने केही समयमै तालिमका लागि चाहिने विषयहरू तिमी आफैं लेख्न सक्छौ, कृपालाई लेखिद्यौं न भनेर गुहार त मागिरहनु पर्दैन कि कसो ?" कृपाले पनि थपिन्, "हेर अनु आज त हामीसँग बालक्लब छ र हामीलाई सजिलो भएको छ । तर केही समयपछि त हामी बालबालिका त रहन्नौं । अनि के गर्ने ? यस्तो अवसर तिमीलाई पछि आउँदैन ? कि जीवनभर त्यही घरमा भाडा माझेर बस्ने मन छ ?'' आकाशले थप्यो- 'हेर, अनु आज तिम्रो तलब २५०० होला रे, तर तिमीले पढ्दै बुझ्दै गएपछि तिम्रो तलब, क्षमता ज्ञान, सोचाइ सब बढ्छ । तिमीले त यो कुरा बुझ्नु पर्ने हो जस्तो लाग्छ।" उनलाई दिनभरि स्कूल जान गाह्रो लाग्थ्यो । बरू १-२ घण्टा पढौँला तर स्कूल चाहिँ गइँदैन भन्दै उनी हिँडिन् । सबैजना क्लबको सक्रिय सदस्यको यस्तो ताल देखेर अवाक भए । प्रसन्नले 'यदि ऊ नगए ठीकै छ, हामी भने घर-घरमा गएर सोधेर आऊ र अर्को हप्ता छलफल गरौं' भनेपछि सबैजनाले हुन्छ भने र क्लबको कार्यक्रम यही टुङ्ग्याएर हिँडे।

अर्को हप्ता सबैको घरको कुरा सुनाएपछि र सबैको सहमतिमा निस्मा, कृपा, प्रसन्न, आकाश, नानू र फुच्ची गरी ६ जना जान तयार भए। सबैले ताली बजाएर बधाइ पनि दिए। घरेलु बालश्रमिकहरू क्लबमा लाग्नु, विद्यालयमा गएर पढ्न पाउनु क्लबकै लागि गर्वको कुरा थियो । अर्को हप्ता क्लबको तर्फबाट केही रमाइलो कार्यक्रम गर्ने निर्णय गरियो। कार्यक्रममा दाजुदिदीलाई प्रमुख अतिथि अनि वक्तृत्व कलाको लागि अनुलाई निर्णायक छानियो। वक्तृत्व कलाको शीर्षक थियो- 'घरेलु बालश्रमिकलाई विद्यालय शिक्षाको महत्व ।' अनु चुपचाप बसेकी थिइन्, उनले न त हुन्छ भन्न सकिन्, न त हुन्न नै।

अर्को हप्ता सबैले कार्यक्रम सुरू गरे । विभिन्न बालक्लबका साथीहरू, दाजुदिदीहरू, अभिभावकहरूको राम्रै उपस्थिति थियो। कार्यक्रममा सबैले घरेलु बालश्रमिकलाई विद्यालय शिक्षाको महत्व मा बोलिरहेका थिए। अनु चुपचाप टाउको निहुराएर बसेकी थिइन् । पहिलो पटक

आफूले चिताउँदै नचिताएको र नइच्छाएको विषयमा उनी निर्णय गर्न गइरहेकी थिइन्। उनलाई ज्यादै नै असजिलो भइरहेको थियो। साथीहरूको कुरा सुनेर त उसलाई झनै असजिलो भयो । कार्यक्रमपछि प्रमुख अतिथिले कार्यक्रमको बारेमा बोल्नुभयो र प्रशंसा पनि गर्नुभयो। उहाँले भन्नुभयो-'आज म ज्यादै खुसी छु। हाम्रा भाइबहिनीहरूले जसरी बालक्लबमा लागेर आफ्नो व्यक्तित्व विकास गर्न पाइरहेका छन्, त्यसरी नै अब पढेर यसलाई थप बल पुऱ्याउने छन् । सबैलाई बधाइ र धन्यवाद ।' अर्का अतिथिले त अनुको खुलेर प्रसंशा गर्नुभयो- 'आज घरेलु बालश्रमिक भएर पनि अनु हाम्रा लागि उदाहरणीय बनेकी छिन् । उनीजस्तै उदाहरणीय हामी सब बन्न सक्छौँ र सक्नु पनि पर्छ ।' अबको पालो थियो निर्णय सुनाउने । तर अनुलाई निर्णय भन्नुभन्दा पनि बोल्न डर लागिरहेको थियो। निर्णय सुनाउनुअघि निर्णायकले बोल्नु पर्छ भनेर उनले तालिममा सिकेकी थिइन् । अनु बोल्न थालिन् । सबै साथीहरू मुसुमुसु हाँसिरहेका थिए। उनको मन्तव्यपछि ठूलै ताली बज्यो। कार्यक्रम सकियो तर अनुको दिमागबाट शिक्षाको कुरा सकिएन ।

सुनिन्छ, आजकल उनी ती ६ जना साथीहरूको सहयोगमा केही अक्षर सिक्दै छिन् रे ।



## विचार गरौँ त ?

- **अनु जस्तै विद्यालय नजाने वा जान नपाएका बालबालिकाहरू तपाईंको गाउँ, टोलमा कति होलान् ?**
- **उनीहरूलाई विद्यालय जाने वातावरण तयार पार्न के के कार्यक्रमहरू गर्नुपर्दछ होला ?**
- **यीमध्ये तपाईंको बालक्लबले के-के कार्यक्रम गर्न सक्छ ? अनि कहिले गर्नुहुन्छ ?**
- **यदि अनुको ठाउँमा तपाईं हुनुभएको भए तपाईं के गर्नु हुन्थ्यो ?**



# यसो गरे कसो होला ?

- बालक्लबमा कम पढेका साथीहरूलाई धेरै पढेका साथीहरूले पढ्नका लागि मद्दत गर्ने ।
- बालक्लबमा कुनै पनि काम गर्दा बालक र बालिकाको समानता तथा सक्रिय सहभागितामा विशेष ध्यान दिने ।
- बालश्रमिक, उनीहरूका अधिकार, काम कर्तव्य आदिका विषयमा तालिम कार्यक्रम सञ्चालन गर्ने तथा नयाँ साथीहरूलाई दिने ।
- यस विषयमा काम गर्ने अन्य संस्था, समूह, बालक्लबसँग भेटघाट तथा अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।
- हरेक बालबालिकाको शिक्षामा समान हक र अधिकार भएकाले क्लबका सबै साथीहरूलाई विद्यालयमा पढ्न सम्बन्धित पक्षलाई विशेष जोड दिने ।
- शिक्षा र यसको फाइदाबारे जनचेतनामूलक कार्यक्रम गर्ने ।
- देशको वर्तमान अवस्था, घटनाबारे जानकारी लिने, दिने तथा छलफल गर्ने ।
- बालश्रमिकका सम्बन्धमा कुनै पनि नयाँ जानकारी (राम्रा वा सुधारात्मक) थाहा पाए बालक्लबमा छलफल गर्ने ।
- बालश्रमिकका अधिकारबारे जनचेतना जागृत गर्ने विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने । जस्तैः घरमालिकसँगको भेटघाट, बाल भित्ते-पत्रिका, प्रतिभा प्रदर्शन, नाटक, सञ्चार सीप विकास, र्‍याली, साँस्कृतिक कार्यक्रम आदि ।
- पुस्तकालयको व्यवस्था गर्ने ।
- हाम्रो विद्यालयलाई बालमैत्री विद्यालय बनाउन हामीले के-के काम गर्न सक्छौं छलफल गरी कार्यान्वयन गर्ने ।

# सफलताको पत्र



मिति: २०६४ साल श्रावण २५ गते

आदरणीय दिदी

नमस्कार,

धेरै धेरै माया अनि सम्झना पनि ।

दिदी कस्तो छ तपाईंलाई ? आशा गर्छौं सायद राम्रै हुनुहुन्छ होला ! हामी सबै बालक्लबका साथीहरू आराम नै छौं । आज यो पत्रमा हाम्रो बालक्लबमा हामीले ल्याएका केही परिवर्तनका बारेमा लेख्न गइरहेको छु । तपाईंहरूले हामीलाई बालक्लब सञ्चालन, व्यवस्थापन, बाल सहभागिता, बालअधिकार र कर्तव्यसम्बन्धी तालिम दिनुभएकै फल हो आजको हाम्रो “आदर्श बालक्लब” । साँच्चै दिदी, अहिले हाम्रो बालक्लब हाम्रो टोलमा

मात्र नभई अन्य साथीहरू, नयाँ-नयाँ बालक्लबका लागि पनि आदर्शको रूपमा हेर्न थालिएको छ । थाहा छ दिदी, नढाँटी भन्ने हो भने पहिलो पटक तपाईंहरूलाई भेट्दा हामी त छक्कै परेका थियौँ । झण्डै-झण्डै हाम्रै उमेरका साथीहरू पनि हाम्रा प्रशिक्षक होलान् भनेर त हामीले सपनामा समेत कल्पना गरेका थिएनौँ । त्यही तालिम अनि त्यसपछिका तालिमले हामीलाई आज तेस्रो वर्षमा पुग्न मद्दत गरेको छ । पक्कै यो ३ वर्ष हाम्रा लागि रमाइलोसँग मात्र बितेनन् । तपाईंहरूले तालिम दिएर जानुभयो तर त्यो तालिममा सिकेका कुराहरू हामीले उपयोग गरेर हाम्रो टोलमा भने ठूलो परिवर्तन ल्याएका छौँ ।

दिदी, जब हामीले बालक्लब खोल्यौँ त्यस समयमा हामीलाई धेरै गाह्रो भएको थियो । हामी बालबालिकाहरूले हाम्रो विषयमा छलफल गरेर, भेटेर कुराकानी गर्ने कुरामा न कोही सहमत भए न त कसैले हाम्रा विश्वास नै गरे । हामीले हार नमाने पनि हामीलाई बालक्लब खोल्न त सक्छौँ ? के यसलाई निरन्तरता दिन सक्छौँ ? भन्ने लागिरह्यो । भर्खर-भर्खर खोल्दा त साथीहरू पनि थिए । बिस्तारै-बिस्तारै उनीहरूको सङ्ख्यामा पनि कमी आउन थाल्यो । त्यसपछि हामी केही साथीहरूले बालक्लब नै बन्द गर्ने कि भन्ने पनि सोच्यौँ । फेरि केही समय अलि मेहनत गरौँ, केही कार्यक्रम गरौं, केही उपाय निकालौं यदि त्यति गर्दा पनि भएन भने ठीकै छ बन्द गरौं भनेर छलफल भयो । म आफू घरमा काम गर्ने बालक भए पनि मैले सर, मिसको मद्दत र साहुजीको मायाले जुन सल्लाह र ज्ञान पाएको थिएँ, म त्यो सबै अन्य साथीहरूमा पनि बाँड्न चाहन्थेँ । मलाई थाहा थियो मेरा साथीहरू यस किसिमका अवसरहरूको उपभोग गर्न पाइरहेका छैनन् । हाम्रो बैठक अब सदाझैँ २-३ घण्टासम्म चल्न थाल्यो । हामी अब के-के काम गर्ने, कसरी साथीहरू जम्मा गर्ने भनेर सोच्न थाल्यौँ । यसरी बालक्लबमा धेरै समय बिताउँदा हामीले घरको काम, पढ्नका लागि समय पनि कम दिन थालेछौँ । अनि एकदिन अनुला, रेखा र इन्दिरालाई त धेरै अबेरसम्म केटाहरूसँग बस्छन् भनेर क्लबमा नै पठाउन छाडिदिनु भयो । हामीले त्यस समय तपाईंले भन्नुभएको कुरा पनि सम्झियौँ,

हेर है, बालक्लबमा लागेर हामीलाई एकैपटक धेरै कार्यक्रमहरू गर्ने चाहना हुन्छ । फेरि त्यस्ता कार्यक्रममा मात्र व्यस्त हुँदा आफूले दैनिक रूपमा काम गर्नुपर्ने काम भने गरिएन भने चाहिँ बालक्लबको बारेमा नकारात्मक असर पर्छ नि । होस गर्नु है ? हत्तेरी दिदीले भन्नुभएको कुरा त हामीले भुसुक्क नै बिर्सिएछौँ । अब फेरि यसो नगर्ने भनेर हरेक हप्ता आधा घण्टादेखि १ घण्टासम्म मात्र भेट्न सुरू गर्‍यौँ । हामीले योजना अनुसार पहिले-पहिले केही नियमित र सक्रिय साथीहरूबाट साप्ताहिक रूपमा सहयोगस्वरूप केही रकम उठाउन थाल्यौँ । त्यही रकमले विभिन्न प्रतियोगिताहरू गरी साथीहरूलाई पुरस्कृत गर्न थाल्यौँ । त्यसबाट हामीले केही थप साथीहरू पायौँ । हामीले हाम्रो कञ्चन सरको सहयोगमा जिल्लास्थित जिल्ला बालकल्याण समितिमा गएर सहयोग माग्यौँ । उहाँहरूले हामीलाई बाल सहभागितासम्बन्धी तालिम प्रदान गरिदिनु भयो । त्यसपछि हामीले बालक्लबले खास गर्नुपर्ने काम र बाल सहभागिताको बारेमा अझै थाहा पायौँ । त्यो तालिमले हाम्रो सोचमै परिवर्तन ल्याइदियो ।

सर्वप्रथम, हामीले तालिमका बारेमा क्लबमा सबैलाई सुनायौँ र बालक्लबबाट बाहिरको कार्यक्रममा गएर आउने जो कोहीले पनि बालक्लबमा आएर यसरी नै सबैलाई सुनाउनु पर्ने निर्णय गर्‍यौँ । त्यसपछि हामीले हाम्रो परिवारमा हाम्रो सहभागिताका विषयमा के कस्ता समस्या छन् ? परिवारमा आफ्ना कुराहरू कसरी राख्ने ? कुन समयमा राख्ने ? भन्ने छलफल गर्‍यौँ । त्यसपछि बालक्लबलाई अघि बढाउनका लागि नयाँ-नयाँ रणनीतिहरू तयार गर्न थाल्यौँ । जुन हाम्रा लागि फलदायी रह्यो । हामीले बिस्तारै-बिस्तारै हाम्रो जिल्लामा रहेका अन्य बालक्लबहरूको बारेमा उनीहरूले गरिरहेका कार्यक्रमका विषयमा जानकारी लिएर उनीहरूसँग पनि भेटघाट गर्न थाल्यौँ । हाम्रो बालक्लबकै पहलमा हाम्रो गाउँका २ वटा विद्यालयको सञ्चालक समितिमा समेत विद्यालयले आफ्ना विद्यार्थीहरू राखेका छन् । हाम्रो जिल्लाको जिल्ला बालकल्याण समितिमा समेत जिल्ला बालक्लब नेटवर्कका साथीहरू सहभागी हुनुहुन्छ । बालक्लबको माध्यमबाट धेरै काम गर्न सकिने रहेछ भन्ने कुरा निकेशको घरबाट थाहा हुन्छ । अस्ति निकेशले भनेको, उसले घरको चर्पीमा चुकुल माथि भएकोले उसले चुकुल लगाउन सकेन र उसँग सल्लाह गरेर उसको बुबाले चुकुल तल पनि राखिदिनु भएछ ।

अँ... दिदी, खास कुरा त लेख्नै बिर्सेको रहेछु । आउँदो भदौ २९ गते राष्ट्रिय बाल दिवसको दिन हाम्रो बालक्लबको तेस्रो वार्षिकोत्सव मनाउने निर्णय गरेका छौँ । यसै वर्षबाट बालक्लबमा धेरै काम गर्ने साथीहरूलाई सम्मान गर्ने निर्णय पनि गरेका छौँ । त्यसैले हामीले दिदीको नाम चुनेका छौँ । फेरि दिदीको अरू नै केही कार्यक्रम होला कि भनेर यो पत्र लेखिहालेको । आशा छ, तपाईं हाम्रो मायाको चिनो लिन आउनु हुनेछ ।

बाँकी अर्को पत्रमा ।

उही तपाईंको भाइ

जगदीश

## थाहा पाइराखौँ

बालअधिकार महासन्धिको धारा २, ५, १२, १३, १४, १५, १७, २३, २९ र ३१ ले बालबालिकाको सहभागिताको अधिकारमाथि जोड दिएका छन् ।



## विचार गरौँ त ?

- तपाईंको बालक्लबले अहिलेसम्म के के कार्यक्रमहरू सम्पन्न गरिसकेको छ ?
- के तपाईंको बालक्लबले गर्ने कार्यक्रमहरू सबै साथीहरूको चाहना र आवश्यकता अनुसार गरिएको छ ?
- तपाईंको बालक्लबको कार्यक्रम, समय आदिले कुनै सदस्यहरूलाई अप्ठेरो त पारेको छैन ? यदि पारेको रहेछ भने कसरी सुधार गर्नुहुन्छ ?
- हाम्रो परिवार, विद्यालय र समुदायमा बाल सहभागिता बढाउन र बालक्लबलाई चिनाउन के के कार्यक्रम गर्न सक्नुहुन्छ ? र, कहिले गर्नुहुन्छ ?
- हामीले बालक्लबमा बसेर हाम्रो पढाइ, खेल, घर, कामबाहेक १ वर्षमा कतिवटा कार्यक्रमहरू गर्न सक्छौँ होला ?
- बाल सहभागितालाई कायम राख्न अभिभावकको कस्तो भूमिका हुन्छ होला ?
- किन हाम्रो जीवनमा प्रभाव पार्ने विषयमा हाम्रो पनि विचार सुनिनु, कदर गरिनु निर्णयमा राखिनु जरूरी छ ?
- हामीले काम गर्ने घरमा हाम्रो विचार सुनिन्छ कि सुनिन्न ?



# यसो गरे कसो होला ?

- हरेक हप्ता कम्तिमा पनि एक घण्टाको लागि सबैलाई पायक पर्ने स्थान र समयमा बालक्लब खोली भेटघाट तथा समस्याका बारेमा छलफल गर्ने ।
- आफूले थाहा पाएका नयाँ विषय, जानकारी, खबरका बारेमा अन्य साथीहरूलाई पनि सचेत तथा जानकारी गराउने ।
- बाल संरक्षण र बाल सहभागिताका विषयमा बालक्लबमै साथीहरूलाई तथा सम्बन्धित वयस्कका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागितामा जोड दिने ता कि शिक्षा तथा छात्रवृत्तिमा गरिब बालबालिकाको पहुँच अझ बढोस् ।
- जिल्ला बालकल्याण समिति, वडा, टोल, गाविसमा बालबालिकाका लागि के कस्ता कार्यक्रम छ, त्यसमा जानकारी लिने तथा सल्लाह दिने । साथै, ती कार्यहरूमा सहभागिता जनाउने ।
- स्थानीय स्तरको कुनै पनि आफूसँग सम्बन्धित कार्यक्रम, योजना, प्रतिवेदन तयार गर्दा आफ्नो सहभागिताका लागि विशेष जोड दिने ।
- बालबालिकासँग सम्बन्धित संस्थामा बालबालिकाको सहभागिताको विशेष आग्रह गर्ने ।
- विभिन्न सञ्जालमा क्लबको तर्फबाट प्रतिनिधिको सहभागी गराउने ।
- सञ्चार क्षेत्रमा, बालबालिकासँग सम्बन्धित पत्रपत्रिकामा रचना लेखेर पनि बालश्रम, बालयौन दुर्व्यवहारका विषयमा जनचेतना जगाउन सकिन्छ ।

# उर्मिलाले नयाँ जीवन पाइन्



यो कथा हो, उर्मिला यादवको । बारा जिल्लामा बस्ने उनको २ जना दाइ र एकजना बहिनी छिन् । तराईमा उनीहरूलाई पढ्नु त कता हो कता खान लगाउन पनि धेरै नै मुस्किल छ। त्यसैले बुबाले उनलाई काठमाडौं सहरमा काम गर्न पठाउने निर्णय गर्नुभयो । चुलबुले, चञ्चले उर्मिला यादवको लागि यो ज्यादै कठिन र दुःखदायी निर्णय थियो। तर के गर्ने उनी बुबाको अघि केही बोल्न पनि सक्दैनथिन् । अरूको घरको सबै काम गर्न उनी जानुपर्ने भयो। उर्मिलालाई यो कुरा चित्त बुझेन । म भन्दा ठूला-ठूला २ जना दाइहरू हुँदाहुँदै पनि किन मलाई पठाउनुभएको होला ? उनलाई यस्तो लागे पनि प्रश्न सोध्ने आँट न उनको आमालाई थियो न त उनलाई नै । कक्षा ३ मात्र पढेकी उर्मिलाले अब सबै छाडेर जानुपर्ने भयो। जाने दिनमा पनि उनी बेस्सरी रून सकिनन् । किनकी उनको बुबालाई ठूलो स्वरले बोलेको मन पर्दैन थियो । अनि उनी हिँडिन्, नयाँ आशा, डर र कौतूहलता बोकेर काठमाडौं सहरको लगनटोलमा ।

बिहान ४ बजे उठेर घरका भऱ्याङ्हरू सफा गरेपछि उनको दिन सुरू हुन्थ्यो । त्यसपछि बिहानको नास्ता तयार गर्ने, खाना बनाउने, साहुजीको छोराका लागि

स्कूल जाने समान तयार गर्नुपर्ने, लुगाधुने, कोठा, झ्याल सफा गर्ने, घर सरसफाइ, साहुजीको छोरा लिएर आउने, खाजा तयार गर्ने, बेलुकाको खाना तयार गर्ने, भाँडा माझ्ने अनि ११-१२ बजेतिर राति सुत्ने । यसैगरी बिते उनका ३ वर्ष । साहुजीको घरमा चुपचाप बस्ने, टोलाई रहने, एकोहोरिई रहने, एक्लै बस्ने, दिएको खाने, नबोल्ने यस्तै-यस्तै ३-३ वर्षसम्म पनि उनको घरमा पैसा पुगेको, कसैले भेट्न आएको वा आफैँले तलब पाएको भने उसलाई कहिल्यै पनि पत्तो भएन । बरू काममा केही गल्तीमात्र भए पनि उनले कुटाई खानुपर्थ्यो । कति पटक त अस्पताल नै लैजानु परेको थियो । पहिले-पहिले साहुजीको छोरा अभिनितले उनलाई जिस्काएर, जथाभावी कुरा लगाएर, कुटेर, चिमोटेर, जथाभावी छोएर हैरानै पार्थ्यो । एक पटक साहुनीलाई बल गरेर भनेकी मात्र थिइन्, तीन दिनसम्म बिरामी हुने गरी कुटाइ खाइन् । त्यसपछि उनले त्यस्तो आँट कहिले पनि कसैसँग पनि गर्न सकिनन् । फेरि बजारमा किनमेल गर्न जाँदा पनि अभिनित र उसको साथी शिरोमणिले उसलाई जिस्काएर हैरान पार्छन् । उसलाई यस्तो काम गर्ने केटाहरू मन नै पर्दैन ।

हो... उनको साहुजी हिजोआज परिवर्तित हुनुभएको छ । उनलाई माया गर्नुहुन्छ, जहिले पनि बजारबाट केही न केही ल्याइदिनु हुन्छ । अरूले देख्ला भनेर लुकाएर भए पनि दिनुहुन्छ । अरू काममा उहाँ कसैसँग नडराए पनि उर्मिलालाई माया गर्ने कुरामा भने उहाँ अलि चनाखो भएर यताउति हेर्ने गर्नु हुन्छ । घरमा कोही नभएको बेला माया गरेर गाला मुसार्दै चकलेट, मिठाइ दिने, काखमा बसाएर माया गर्नुहुन्थ्यो । उर्मिलालाई पनि माया गर्ने बुबा पाएझैं भएथ्यो । अस्ति पनि साहुजीले उनलाई जिस्काउने अभिनित दाइ र उनको साथी सबैलाई गाली गर्नुभएको थियो । उर्मिला पनि साहुजीलाई एकदमै माया गर्थिन् । साहुजीकै सहयोगमा उनले आजकल अनौपचारिक शिक्षामा पढ्न जान पाएकी छिन् । उनको पढ्ने इच्छा बल्ल साहुजीको कारणले पूरा भएको थियो । त्यति मात्र होइन, उनी घरमा काम गर्ने साथीहरूको समूह श्री उदय घरेलु बालश्रमिक बालक्लबकी सदस्य पनि थिइन् । त्यहाँ उनीजस्तै घरमा काम गर्ने धेरै साथीहरू देखेर त उनलाई फेरि गाउँ फर्केझैं लाग्यो ।

एकदिन घरमा उर्मिला र साहुजीबाहेक अरू कोही पनि थिएनन् । साहुजीले उर्मिलालाई आफ्नो कोठामा बोलाउनुभयो र काखमा राखेर माया गर्न थाल्नुभयो । तर आज उसलाई कस्तो-कस्तो लागिरह्यो । साहुजी चनाखो भएर यताउति हेर्दै सानो

स्वरमा बोलिरहनुभएको थियो । साहुजीले बिस्तारै उसको शरीरमा हात लगाउन थाल्नुभयो । न त उनलाई यो राम्रो लाग्यो न त कराउन नै सकिन् । चुपचाप सहिरहिन् । उसलाई धेरै नै असजिलो लागिरह्यो । त्यही बेला घरको घण्टी बज्यो । धन्न, साहुनी आउनुभएको रहेछ । त्यस दिनबाट उनलाई साहुजी मन नै परेन तर पनि कसैलाई भन्न पनि सकिनन् । तर साहुजीले भने एक्लै भेट्यो कि त्यसै गर्नुहुन्थ्यो । नराम्रो फोटो पनि देखाउनुहुन्थ्यो र जथाभावी छुन पनि लगाउनुहुन्थ्यो । उनलाई मन नपरे पनि उनी न त यसको विरोध गर्न सक्थिन् न त कसैलाई भन्न नै ।

बालक्लबमा गएर रमाइलो गर्न खोज्दा उनी साहुजीको व्यवहार सम्झेर झस्किने र टोलाउने गर्थिन् । उर्मिलाको परिवर्तित बानी देखेर सबै साथीहरू छक्क परेका थिए । बालक्लबमा एकदिन बाहिरबाट एकजना दिदी बाल यौन दुर्व्यवहारबारे कक्षा लिन आउनुभयो र यसबारेमा बताउनुभयो । जथाभावी छुनु, जथाभावी बोल्नु, जिस्काउनु भनेको अपराध हो, बालबालिकालाई यस्तो गरे, गराए उनीहरूलाई सजाय हुन्छ भन्दा उर्मिला त छक्क परिन् । दिदीले दिनुभएको किताबमा पनि केही त्यस्ता नराम्रा व्यवहारको चित्रहरू थियो, जुन उनले मालिक र केही केटाहरूबाट भोग्दै आएकी थिइन् । उनले आफूलाई यस्तो भए के गर्ने भनेर सोधिन् । दिदीले यसो भएमा आफूलाई विश्वास लाग्ने साथीलाई भन्ने वा यस्तो बालबालिकासँग काम गर्ने संस्थामा भन्नुपर्ने भनेर ठेगाना दिनुभयो । घर फर्केर उनले रातभरि सोचिन् र यस विषयमा बोल्नु पर्ने निर्णय गरेर रीतालाई सबै कुरा भनिन् । रीता पनि त केही गर्न सक्दिनथिन् । त्यसैले उनीहरू दुवै बालक्लबका केही साथीसँगको साथमा तालिम दिन आउनुभएकी दिदीको अफिसमा गएर सबै कुरा भने । दिदीले त्यत्ति नै बेला अफिसका केही दाजु, दिदी र प्रहरीको साथमा त्यो घरमा गएर साहुजीलाई समाते । साहुनी र उनको छोरालाई पनि समातेर जरिवाना गरियो र त्यो पैसा सबै उनको पढाइमा खर्च गरिने भयो । उर्मिला अहिले पनि त्यही टोलमा अर्केको घरमा काम गर्छिन् । पहिलेको घरको साहु त जेलमा छ । बरू त्यही टोलमा नयाँ बिहानी घरेलु बालश्रमिक बालक्लब खोलेको छ । रीता त्यसकी अध्यक्ष हुन् । उर्मिला चाहिँ त्यहाँका साथीहरूलाई आफ्नो कथा भन्दै समयमै खबर गरेर बाल यौन दुर्व्यवहारबाट बच्न सकिने कुरा बताउँदै थिइन् ।

# एक नजर यता पनि

**बालगृह, घर, क्लब, परिवार, विद्यालय कहीँ कतै कहिले पनि बालबालिकामाथि हिंसा, दुर्व्यवहार शोषण हुनु हुँदैन ।**

**बालबालिकाविरूद्ध कुनै पनि हिंसा, दुर्व्यवहार भएमा र मनोसामाजिक समस्या देखिएमा यो नम्बरमा सम्पर्क गर्न सकिन्छ**

**१६६०–०१–१००००**

यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन



## विचार गरौँ त ?

- उर्मिलालाई बालक्लबले कसरी नयाँ जीवन दिन सफल भयो ?
- बालबालिकाहरूले भोगिरहेका यस्ता हिंसा, दुर्व्यवहार, भेदभाव र शोषणका अरू के कस्ता घटनाहरू भइरहेका छन् ?
- के तपाईंको विद्यालय, टोल र बालक्लबमा भएका बालबालिकाहरूले पनि यस्ता समस्या भोगिरहेका छन् ?
- बालबालिकालाई यस्ता हिंसा, दुर्व्यवहार, भेदभाव र शोषणबाट जोगाउन बालक्लबले के कस्ता कार्यक्रम गर्नसक्छ होला ?
- तपाईंको बालक्लबले अब बालबालिकाको संरक्षणका लागि के-के कार्यक्रमहरू गर्दछ ?



# यसो गरे कसो होला ?

- कसैले असजिलो वा नराम्रो व्यवहार गरेमा तुरून्त दाजु, दिदी, प्रहरीजस्ता सम्बन्धित पक्षलाई खबर गर्न बालक्लबको महत्वपूर्ण भूमिका हुन्छ ।
- बाल यौन दुर्व्यवहार, यसका असर तथा कानुनी नियमका विषयमा बालक्लबमा, अभिभावक, शिक्षक, मालिकलाई तालिम कार्यक्रम सञ्चालनका लागि स्थानीय संस्था, गाविस, वडा आदिसँग आग्रह गर्ने ।
- बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार कस्ता-कस्ता हुन्छन्, भए कहाँ जाने, के गर्ने, दोषीलाई कसरी सजाय दिन सकिन्छ आदिबारे जानकारी लिने, दिने वा राख्ने ।
- बालक्लबको हरेक सदस्यको व्यवहारमा ध्यान दिने र केही नकारात्मक परिवर्तन आएमा विशेष सजगता अपनाउने ।
- विद्यालयमा हुने शारीरिक सजाय, मानसिक यातना, दुर्व्यवहार, भेदभाव आदिको विरूद्धमा प्रतिकार गर्ने ।
- बालश्रम र बाल संरक्षण विषयमा जनचेतनामूलक सामग्रीको सङ्कलन तथा अध्ययन गर्ने ।
- घरेलु बालश्रमिकले काम गर्दा आवश्यक संरक्षणको बारेमा अभिभावकलाई पनि सचेत गराउने ।
- बाल यौन दुर्व्यवहार के हो र होइन भन्नेबारे स्पष्ट हुने ।

## बाल भित्ते-पत्रिकाले बालबालिकालाई ज्ञान मात्र हैन राम्रो पत्रकार पनि बनाउछ

दिवाकर प्याकुरेल आज एक अन लाइन खबरका राम्रा सम्पादन भनेर चिनिन्छन् । एकिकृत उद्धार बालक्लबमा रहदा सक्रिय रहने दिवाकर त्यस क्लबले मासिक रूपमा प्रकाशन गर्ने बाल भित्ते पत्रिकाको सम्पादन मण्डलमा रहेर काम गर्दथे । मेहनत गरेर साथीहरूबाट लेख, रचना, कथा, कविता संकलन गरी प्रत्येक महिना उनको समूह (सम्पादन मण्डल)ले पत्रिका प्रकाशन गर्ने गर्दथ्यो । हेर्दा आकर्षक देखिने पत्रिका सबै तह र विषयसँगै सम्बन्धित लेख रचनाले बालक्लबका सदस्य विद्यालयका सबै विद्यार्थी, शिक्षकलाई ज्ञान दिन्थ्यो नै दिवाकर र उनको समूहको पनि सम्पादन गर्ने क्षमताको राम्रो विकास भयो । केही समयपछि दिवाकर सिविसले प्रकाशन गर्ने बाल पत्रिका हाम्रो आँगनको सम्पादन समूहमा आबद्ध भई त्यहाँपनि सहयोग गर्न थाले । क्रमशः उनले आँगन पत्रिकालाई आकर्षक बनाउन महत्वपूर्ण योगदान गरे । त्यसरी काम गर्दा गर्दै दिवाकर युवा समूह गतिशिल युवा मञ्चमा पनि आवद्ध भए र त्यहाँबाट पनि क्लबका गतिविधिलाई लिएर एक पत्रिका “परिवर्तनका पाइला” प्रकाशन गर्न थाले । यसरी आफ्नो पढाइसँगै यस्ता अतिरिक्त क्रियाकलाप सक्रिय रहने दिवाकर प्याकुरेल हाल पुस्तकको शुद्धाशुद्धी हेर्ने, लेख रचनालाई छाँटकाँट गरी सम्पादन गर्ने काममा अब्बल छन् भने एक अनलाइन पत्रिकाको सम्पादन समेत गर्छन् ।

## हामीले ख्याल गर्नुपर्ने

१ **के हामी पनि हाम्रो विद्यालयमा बाल भित्तेपत्रिका प्रकाशन गर्दछौं ?**

२ **हामीले भित्ते-पत्रिका निकाल्दा साँच्चै दिवाकर दाइहरूको जस्तै मेहनत गर्ने गरेका छौं कि छैनौ ?**

३ **हामीले निकाल्ने बाल भित्तेपत्रिकालाई राम्रो बनाउन ठूला दाइ, दिदी, शिक्षक-शिक्षिकासँग सल्लाह लिने गरेका छौं ?**

४ **बाल भित्तेपत्रिका ज्ञान, सूचना वा प्रतिभाको खोजी र आफ्नो क्षमता विकासको लागि राम्रो माध्यम भनिन्छ ।**

# आभार

प्यारा भाइबहिनीहरू,

बालसहभागीता बालबालिकाको महत्वपूर्ण अधिकार हो । बालसहभागीतालाई प्रवर्द्धन गर्ने माध्यमको रूपमा बालक्लब एउटा महत्वपूर्ण स्थान हो । समुदाय तथा विद्यालयमा भएका कुनै न कुनै बालक्लबमा तपाईंहरू पनि आबद्ध भई बालबालिकाका अधिकार सम्बन्धी विभिन्न कार्यक्रम गरिरहनु भएको होला । यसरी बालक्लबमा आबद्ध भई बालक्लबको व्यवस्थापन, श्रोत परिचालन र कार्यक्रमहरू गर्दा थुप्रै समस्याहरू पनि भोग्नु भएको होला ।

सिविसले पनि विद्यालय तथा समुदायसँग मिलेर थुप्रै बालक्लबहरूको सहजीकरण गरेको कुरा भाइबहिनीहरूलाई थाहै छ । बालक्लबमा रहेर कामहरू गर्दा भाइबहिनीहरूलाई पर्ने समस्याको निराकरण गर्न तथा सहजीकरण गर्न भाइबहिनीहरूकै सहयोग र सुझावमा सिविसले बालक्लब सञ्चालन सहयोगी पुस्तिका तयार गरी विद्यालयमा तथा समुदायमा रहेका बालक्लबहरूमा बितरण गरेको थियो । सो पुस्तिकालाई भाइबहिनीहरूले असाध्यै मन पराउनु भएको छ । बालक्लब व्यवस्थापन, श्रोत परिचालन र कार्यक्रम सञ्चालनका लागि यो पुस्तिका अति उपयोगी भएको कुरा सुझाव गरे अनुसार प्रस्तुत बालक्लब सञ्चालन सहयोगी पुस्तिकाको दोश्रो संस्करण प्रकाशित गर्न गइरहेका छौं । आशा छ, बालसहभागीताको प्रवर्द्धन र बालक्लब सञ्चालनमा यसले भाइबहिनीहरूलाई सहयोग गर्ने छ ।

अन्तमा, यो पुस्तिकाको दोश्रो संस्करण प्रकाशन गर्न संयोजन गर्नु हुने सिविसका कार्यक्रम संयोजक प्रेम घिमिरे लगायत सिविसका सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै यस पुस्तिकालाई पुनः प्रकाशनका लागि आर्थिक सहयोग प्रदान गर्नु हुने साझेदार संस्था इन्टरपेडिया फिनल्याण्ड प्रति हार्दिक आभार व्यक्त गर्दै यहाँहरूको सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

बिमला ज्ञवाली
अध्यक्ष
सिविस

| | | |
|---|---|---|
| पुस्तिकाको नाम | : | बालक्लब सञ्चालन सहयोगी पुस्तिका भाग ३ (कार्यक्रमहरू) |
| प्रकाशक | : | समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) |
| पोष्ट बक्स नं | : | २१४३३, काठमाडौं, नेपाल |
| फोन | : | ४७८४५४५, ४७८०४४६ |
| प्रकाशन सहयोग | : | Interpedia, Finland |
| सर्वाधिकार | : | सिविस |
| प्रथम संस्करण | : | २००७ नोभेम्बर |
| दोश्रो संस्करण | : | २०१४ नोभेम्बर |
| प्रकाशित संख्या | : | ५०० |
| संयोजन | : | कमल चापागाईं |
| दोस्रो संस्करणका लागि संयोजन | : | प्रेम घिमिरे |
| लेखन | : | सन्तोष महर्जन र सन्जोग ठकुरी |
| भाषा सम्पादन | : | विवश वस्ती |
| परिकल्पना | : | मिलन धरेल |
| सल्लाह सुझाव | : | श्री बिमला ज्ञवाली<br>श्री शान्ति अधिकारी |
| चित्र | : | बासु क्षितिज |
| साजसज्जा | : | टाइम्स क्रियशन, पुतली सडक |
| छपाइ | : | द प्रेस अनलिमिटेड |

# कार्यक्रमहरू



## विषय सूची


| | |
|---|---|
| आफ्नै कुरा | १ |
| अनि हामीले थाहा पायौँ | ५ |
| विद्यालय जान्छु | ११ |
| सफलताको पत्र | १५ |
| उर्मिलाले नयाँ जीवन पाइन् | २१ |